Journal of Buddhist Studies (T.U)
Print ISSN: 3021–9973
Vol. 1, No. 1: 133-143, 2024
eJournal Site: https://cdbs.tu.edu.np/eJournal

Central Department of Buddhist Studies
Tribhuvan University
Kirtipur, Kathmandu, Nepal

# थेरवाद बुद्धधर्मका आधारभूत पक्षहरू

**सहप्राध्यापक, मदनरत्न मानन्धर**

***Article History***: *Submitted 5 September 2023; Reviewed 26 September 2023; Accepted 20 February 2024*
***Corresponding Author***: *madanratna@hotmail.com,* *Copyright 2024© Author/s and the Publisher*

**लेखसार**

*विश्वमा प्रचलित धर्महरूमा बुद्धधर्म एउटा प्रमुख धर्म मानिन्छ । यो धर्मको प्रभाव आज विश्वभरी विस्तार भएको छ । वर्तमान नेपालको दक्षिण पश्चिम तराईमा ई.पू. ६२३ मा जन्मिएका राजकुमार सिद्धार्थ नै बुद्धत्व ज्ञान प्राप्त गरी बुद्ध बनेका हुन् । करिब ४५ वर्षसम्म बोधिज्ञानको प्रचार प्रसार गरी ८० वर्षको उमेरमा देहत्याग गरेका उनको शिक्षाका अनुयायी भिक्षुहरू अर्थात् धर्मका अनुयायीहरू पछि विभिन्न खेमामा विभक्त भए । ती मध्ये थेरवाद परम्परालाई प्राचीनतम मानिन्छ । यस परम्परामा प्रचलित र विद्यमान जीवनोपयोगी, कल्याणकारी शिक्षा, तरिका एवं चर्याले बहुजनलाई हित, सुख र कल्याण गर्नमा मद्दत मिल्दछ भन्ने मान्यता रही आएको पाइन्छ । बुद्धकै समयमा नेपाल भित्रिएको भनि मान्यता पाएको उक्त थेरवाद परम्पराबारेमा प्रकाश पार्नु नै यस अनुसन्धानात्मक लेखको उद्देश्य रहेको छ र उक्त धर्मबारे जान्न उत्सुक अनुसन्धानकर्ता, विद्यार्थी एवं सर्वसाधारणका लागि उपयोगी हुने देखिन्छ । बुद्धवचन सङ्ग्रहित पालि त्रिपिटकमा मात्र आधारित रहेर तयार गरिएको यस लेखमा विभिन्न विद्वानहरूबाट विभिन्न समयमा लेखिएका वा अनुवाद गरिएका बुद्धधर्म सम्बन्धी प्रकाशित लेखहरूको पनि सहयोग लिइएको छ ।*

**शब्दकुञ्जी** : थेरवाद, बुद्धधर्म, परम्परा, मूल सिद्धान्त, त्रिपिटक

## बुद्धधर्मको प्रादुर्भाव

विश्व मानचित्रमा पूर्व ८८.१२° र पश्चिम ८०.०४° देशान्तर तथा उत्तर ३०.२७° र २६.२२° अक्षांशमा अवस्थित नेपाल को कपिलवस्तु हाल तौलिहवा जिल्लाई.पू. सातौं शताब्दि समयताका शाक्य गणतन्त्रका रूपमा प्रख्यात कपिलवस्तुका राजा थिए शुद्धोदन ।[1] उनका दुई पटरानीमध्ये जेठी महामायादेवीको कोखबाट ई.पू. ६२३ को वैशाख शुक्ल पूर्णिमाका दिन पवित्र लुम्बिनी उद्यानमा युवराज सिद्धार्थ (सर्वार्थसिद्ध) कुमारको जन्म भएको थियो ।

---

१. प्रधान, भुवनलाल (२०४५), *नेपालमा बौद्ध धर्म* (पृ. ५), नेपाल प्रज्ञाप्रतिष्ठान ।

२९ वर्षसम्म राजदरबारमा जीवन व्यतीत गरी सिद्धार्थकुमारले सांसारिक दुःखबाट मुक्त हुने ज्ञानको खोजीमा आषाढ पूर्णिमाको रात महाभिनिष्क्रमण[२] (गृहत्याग) गरे । तत्कालीन विभिन्न देश भ्रमण गर्दै त्यहाँका आचार्य, गुरुहरूको सत्सङ्गतबाट पनि आफ्नो उद्देश्य प्राप्त गर्न नसक्दा उनी घोर तपस्यामा लीन भए । आजभन्दा २६१२ वर्ष अगाडि वैशाख पूर्णिमाको रात भारतको बोधगयामा बुद्धत्व प्राप्तिपछि उनैलाई भगवान् बुद्धको नामले पुकारिन थालेको हो । बोधिज्ञान प्राप्तिपछि सो ज्ञानलाई सर्वसाधारणमाझ बाँड्ने क्रममा बुद्धले सर्वप्रथम पञ्चभद्रवर्गीय भिक्षुहरूलाई वाराणसीस्थित ऋषिपतन मृगदावनमा बताएको कुरा उनी स्वयंबाट वर्णन गरिएको पाइन्छ ।[३] त्यसपछि बुद्धधर्मको बिकास हुदै जाँदा यानको आधारमा अहिले थेरवाद वा श्रावकयान, महायान र वज्रयान गरि मूलत यानको आधारमा बुद्धधर्मको अभ्यास गरिएको पाइन्छ । त्यसैले थेरवादका आधारभूत पक्षहरू के हुन् ? भन्ने बिषयलाई मध्यनजर गरि प्राथमिक तथा द्वीतिय श्रोतहरको आधारमा यो लेख तयार गरिएको छ । पाली भाषामा थेर भन्नाले बुद्धका अग्र भिक्षुहरू भन्ने बुझिन्छ । यिनै थेरहरू वा बुद्धको पहिलो धर्मचक्र प्रवर्तन वा पाली भाषाको उपदेशहरूको आधारमा अध्यास गरिने बुद्धधर्म थेरवाद बुद्धधर्म हो । श्रीलंका, वर्मा, थाईल्याण, कम्बोडिया र नेपाल आदी देशमा थेरवाद बुद्धधर्म रहेको छ ।

## थेरवादको मूल सिद्धान्त

बुद्धदेशित त्रिलक्षण (अनित्य, दुःख र अनात्म), त्रिविध शिक्षा अर्थात् (शील, समाधि र प्रज्ञा), चार आर्य सत्य, आर्य अष्टाङ्गिक मार्ग, हेतुफल सिद्धान्त वा प्रतीत्य समुत्पादलाई थेरवादीहरूले मूल सिद्धान्तको रूपमा अपनाएको पाइन्छ । यसकै माध्यमबाट सम्यक् सम्बुद्ध, प्रत्येक बुद्ध वा अर्हत् भएर अन्तिम लक्ष्य निर्वाण प्राप्त गर्न सकिन्छ भन्ने धारणा राख्दछन् ।[४]

चतुआर्यसत्य वा चारवटा श्रेष्ठतम सत्यमा दुःख सत्य, दुःख समुदय सत्य, दुःख निरोध सत्य र दुःख निरोध गामिनी प्रतिपदा मार्ग सत्य पर्दछन् । दुःख आर्य सत्य भगवान् बुद्धद्वारा आफ्नो पहिलो धर्म उपदेश धर्मचक्रप्रवर्तन सूत्रमा दुःखको व्याख्या यसरी गरिएको छ "भिक्षुहरू ! यो दुःख आर्य सत्य हो, जन्म पनि दुःख, जरा (वृद्धावस्था) पनि दुःख, रोग पनि दुःख, मृत्यु पनि दुःख, अप्रियसँग बस्नु पनि दुःख, प्रियसँग बिछड्नु पनि दुःख, इच्छा गरेको नपुग्नु दुःख, संक्षेपमा पाँच उपादान–स्कन्ध (रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान) दुःख हो" ।[५] त्यस्तै सोही सूत्रमा दुःख समुदय सत्य अर्थात् दुःखको कारण यसरी व्याख्या गरिएको छः भिक्षुहरू ! यो दुःख समुदय आर्य सत्य हो, जुन यो पुनः पुनः जन्म गराउने, प्रीति र रागले युक्त भएको, उत्पन्न भएको ठाउँमा रमाइलो जस्तो भान गराइदिने काम तृष्णा, भव तृष्णा वा जन्मसम्बन्धी तृष्णा र विभव तृष्णा वा उच्छेदको तृष्णा)

२. वज्राचार्य, दुण्डबहादुर (अनु.) (२०५७), *मज्झिम निकाय* (पृ. ५३६), पवित्रबहादुर वज्राचार्य लगायत ।

३. ऐजन, पृ. ५४५ ।

४. मानन्धर, मदनरत्न (अनु.) (२०५१), *बौद्ध विश्वास तृतीय भाग (पृ. २–३),* धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी ।

५. ज्ञानपूर्णिक, भिक्षु (ने.सं. १०९०), *तथागतया न्हापाङ्गु उपदेश* (पृ. ४), रामरत्न शाक्य ।

पर्दछन् ।[६] त्यस्तै दुःख निरोध सत्य अर्थात् दुःख निरोध हुने सत्यबारे यसरी व्याख्या गरिएको छ हे भिक्षुहरू ! यो दुःख निरोध आर्य सत्य हो– जुन यही तृष्णाको सर्वप्रकारले विराग हुने हो, निरोध (रोकिनु), त्याग, प्रति निस्सर्ग (निकास) र मुक्ति (अलग हुने), लीन नहुने हो ।[७] चार आर्यसत्य मध्येको दुःख निरोध गामिनी प्रतिपदा मार्ग सत्यबारे यसरी व्याख्या गरिएको छ हे भिक्षुहरू ! यो दुःख निरोधगामिनी प्रतिपदा आर्यसत्यमा सम्यक् दृष्टि, सम्यक् सङ्कल्प, सम्यक् वचन, सम्यक् कर्मान्त, सम्यक् आजीविक, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि ।[८]

सम्यक् दृष्टि भन्नाले यथार्थ रूपमा बुझिलिनु वा ठीक विचारधारा हुनु हो । पाँच विषयहरूप्रति ठीक धारणा हुनु नै सम्यक् दृष्टि मानिन्छ । ती हुन् कर्मसक्यता सम्यक् दृष्टि (कर्म र कर्मफल छ भनी दृष्टि सही हुनु, सुचरित्र सम्यक् दृष्टि), ध्यान सम्यक् दृष्टि (ध्यानको महत्त्वबारे ठीक धारणा राख्नु), विपश्यना सम्यक् दृष्टि (अनित्यताबारे ठीक धारणा राख्नु), मार्ग सम्यक् दृष्टि (क्लेश निर्मूल पार्ने मार्गबारे ठीक धारणा लिनु) र फल सम्यक् दृष्टि (चारवटा मार्गफलबारे ठीक धारणा लिनु) ।[९] सम्यक् दृष्टि राख्नका लागि ५ प्रकारको प्रज्ञा (ज्ञान) उल्लेख गरिएको पाइन्छ जसमाः पुर्ख्यौली प्रज्ञा (वंशानुगत प्रज्ञा), श्रुतमय प्रज्ञा (सुनेर र पढेर हासिल गरेको प्रज्ञा), चिन्तनमय प्रज्ञा (विचार चिन्तनबाट प्राप्त प्रज्ञा), भावनामय प्रज्ञा (अनुभवबाट प्राप्त प्रज्ञा) र स्थानोचित प्रज्ञा (स्थानअनुसारको प्रज्ञा)[१०] ।

सम्यक् सङ्कल्प भन्नाले बहुजन हितायका लागि गरिने सही सङ्कल्प बुझिन्छ । सम्यक् सङ्कल्पमा नैष्क्रम्य सङ्कल्प (कामगुण (पञ्च इन्द्रियको विषयवस्तुमा आसक्ति) बाट बाहिर जानेबारेमा विचार गर्ने, अव्यापाद सङ्कल्प (नमार्ने, मर्न दिने वा मरोस् भन्ने (भाव) मनमा आउन नदिने, सुख दिलाई दिने खालको गराउने बारेमा विचार गर्ने र अविहिंसा सङ्कल्प यातना (सास्ति) दिन मन नलाग्ने गराउने, दया राख्ने, रक्षा गर्ने बारेमा विचार गर्ने ।[११] विचार वा कल्पना गलत हुँदा पनि मानिसले अनाहकमा दुःख पाउने हुन्छ । तसर्थ सङ्कल्प, विकल्प, विचार, चिन्तन सही भएमा दुःखको भुमरीमा फसिन्न । छोटकरीमा भन्दा प्राणीहरूको विनाश नगर्ने सङ्कल्प, उनीहरूलाई दुःख पीडा नदिने सङ्कल्प र सांसारिक बन्धनबाट मुक्त हुने सङ्कल्प नै सम्यक सङ्कल्प हुन् ।[१२]

---

६. ज्ञानपूर्णिक, *पूर्ववत्,* पा.टि. ६, (पृ.४)

७. ज्ञानपूर्णिक, *पूर्ववत्,* पा.टि. ६, (पृ.६)

८. ऐजन, (पृ.६)

९. वज्राचार्य, प्रकाश (२०५३), *बौद्ध दर्पण (दोस्रो संस्करण)* (पृ. ४१), धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी ।

१०. ऐजन, (पृ. ७१)

११. ज्ञानपूर्णिक, भिक्षु (अनु.) (२०५२), *महान् धर्मचक्र सूत्रोपदेश* (पृ. ११५), सन्ति सुखावास प्रकाशन समिति ।

१२. मानन्धर, नानीमैत्रा (अनु.) (२०३८), *बोधिपक्षीय दीपनी* (पृ. १४२), प्रकाशक समूह ।

सम्यक् वचनको अर्थ हो दोषरहित तरिकाले बोल्नु । चार प्रकारका वचनहरू पालना गर्नु नै सम्यक् वचन भनिन्छ जसमा मुसावाचा वेरमणी (झूटो असत्य कुरा गर्नुबाट विरत रहनु), पिसुणवाचा वेरमणी (चुकली कुरा गर्नुबाट विरत रहनु), फरुसवाचा वेरमणी (कठोर-कडा बोली बोल्नुबाट विरत रहनु), सम्फप्पलापवाचा वेरमणी (अर्थहीन व्यर्थको कुरा गर्नुबाट विरत रहनु) पर्दछन् ।[१३]

सम्यक् कर्मान्त भन्नाले शारीरिक कुकर्म गर्नुबाट विरत रहनु हो । सम्यक् कर्मान्त भित्र पाणातिपाता वेरमणी (सत्वहरूलाई मार्ने कामबाट विरत रहनु), अदिन्नादाना वेरमणी (खोसेर लिने, चोर्ने कामबाट विरत रहनु) र कामेसुमिच्छाचारा वेरमणी (अधीनस्थ नभएका कामगुणको दोषपूर्ण ढङ्गले उल्लङ्घन गर्नुबाट विरत रहने कर्महरू पर्दछन् ।[१४]

सम्यक् आजीविकाको अर्थ हो इमानदारीपूर्वक जीविका चलाउनु । कुनियतले गरेका तलका ५ व्यापार हरूलाई गलत जीविकाको तरिका मानिएको छ । जसमा शस्त्रअस्त्रको व्यापार गर्नु, मान्छे र पशुको व्यापार गर्नु, प्राणी मारेर मासुको व्यापार गर्नु, मदिराको व्यापार गर्नु, विषको व्यापार गर्नु जस्ता जीविकोपार्जनलाई सम्यक् आजीविका मानिँदैन ।[१५] सम्यक् आजीविका भन्नाले नैतिक आयको बाटोलाई बुझ्नुपर्दछ । नशालु पदार्थ, मदिरालगायत हानिकारक पदार्थको बेचबिखन, ठगी व्यापार, जुवातास खेलाउने व्यवसाय, हत्याहिंसाको उद्देश्यलाई सघाउने खालका हातहतियारको व्यवसाय, मानिसहरूको किनबेच, घूसखोरी, नाफाखोरी, कृत्रिम अभावको व्यवहार आदिलाई मिथ्या या असम्यक् अर्थात् हानिकारक, दोषपूर्ण र खराब आजीविका भनिएको छ । यी देखि बाहेकका व्यापार, व्यवसाय, पेसा गरी जीविकोपार्जन गर्नुलाई सम्यक् आजीविका भनिएको छ । 'म समाजको एक अङ्ग हुँ, जुन मलाई प्राप्त हुन्छ समाजबाटै प्राप्त हुन्छ, त त्यसको बदलामा म समाजलाई के दिन सक्छु, के गर्न सक्छु भन्ने मनसायबाट आफ्नो जीविका चलाउनु सम्यक् आजीविका हो ।[१६]

सम्यक् व्यायाम भन्नाले सही र सम्यक् ढङ्गले प्रयत्न गर्नु, उद्योग गर्नु, कोसिस गर्नु नै सम्यक् व्यायाम हो । सम्यक् व्यायाम तलका चार किसिमका छन् । जसभित्र उत्पन्न नभएको खराब विचारलाई उत्पन्न नहुने गरी उद्योग गर्नु, उत्पन्न हुने गरेका नराम्रा विचारहरूलाई पन्छाएर हटाउन सक्ने गरी उद्योग गर्नु, उत्पन्न नभएका राम्रा विचारलाई उत्पन्न हुने गरी उद्योग गर्नु र उत्पन्न भइसकेका राम्रा विचारहरूलाई स्थिर, वृद्धि र सम्पन्न हुने गरी उद्योग गर्नु ।[१७]

---

१३. ज्ञानपूर्णिक, *पूर्ववत्,* पा.टि. १२, (पृ. ११९)

१४. ऐजन, (पृ. १२०)

१५. प्रकाश, *पूर्ववत्,* पा.टि. १०, (पृ. ४३)

१६. राठी, लक्ष्मीनारायण (सन् १९८४), *दुःख मुक्ति की साधना* (पृ. १०८), श्री रामचन्द्र राठी ।

१७. ज्ञानपूर्णिक, *पूर्ववत्,* पा.टि. १२, (पृ. १२५)

सम्यक् स्मृतिको अर्थ हो सदा होसियार, जागरूक भइरहनु । तलका चार तरिकाबाट ध्यान गरेर सम्यक् स्मृति राख्ने गरिन्छ । कायानुपश्यना वा शरीरका विभिन्न अवस्था तथा हाउभाउलाई जागरूक भइ अवलोकन गर्नु, वेदनानुपश्यना वा शरीरमा उत्पन्न हुने विभिन्न अनुभूतिहरूलाई जागरूक भइ अवलोकन गर्नु, चित्तानुपश्यना वा मनमा उत्पन्न हुने विभिन्न प्रकारका चित्तहरूलाई जागरूक भइ अवलोकन गर्नु र धर्मानुपश्यना वा चित्तमा उत्पन्न हुने विभिन्न प्रकारका चित्तवृत्तिहरूलाई जागरूक भइ अवलोकन गर्नु ।

सम्यक् समाधि भन्नाले सम्यक् र सही रूपले गहनतापूर्वक स्थिर रहने, ठीकसँग चित्त एकाग्र गर्ने हो । काम (वासना) बाट रहित र शून्य भइरहने साथै अन्य अकुशल धर्मले पनि रहित र शून्य भई चिन्तन र निरीक्षणले युक्त नीवरण, अकुशल चिन्तनबाट अलग र शून्य भएर उत्पन्न हुने प्रीति सुख पनि भएको प्रथम, द्वितीय, तृतीय, चतुर्थ, पञ्चम ध्यान समाधिलाई सम्मासमाधि मार्गाङ्ग भनिन्छ ।[१८] माथि उल्लेख गरिएका आठवटा (अष्टाङ्गिक) मार्गलाई सजिलोसँग बुझ्नका लागि शील, समाधि, र प्रज्ञा गरी तीन भागमा बाँडिएको पाइन्छ । सम्यक् वचन, सम्यक् कर्मान्त र सम्यक् आजीविका शीलअन्तर्गत पर्दछ भने सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि समाधिअन्तर्गत पर्दछ । सम्यक् दृष्टि र सम्यक् सङ्कल्प प्रज्ञाअन्तर्गत पर्दछ । त्यसैले शील, समाधि, र प्रज्ञालाई 'त्रिविध शिक्षा' भनिएको छ ।

## प्रतीत्यसमुत्पाद (कार्यकारण सिद्धान्त)

भगवान् बुद्ध एक पटक कुरु (वर्तमान दिल्लीको नजिक, भारत) मा रहेको बेला उनका निजी सेवक भिक्षु आनन्दले 'प्रतीत्य समुत्पाद' सरल छ भन्ने प्रतिक्रिया व्यक्त गरे । त्यस बेला बुद्धले आनन्दलाई त्यसो नभन्न भन्दै प्रतीत्य समुत्पाद गम्भीर, अति गम्भीर रहेको कुरा बताए र यो धर्म (स्वभाव, नियम) राम्ररी नजान्नाले, प्रतिवेध (अनुभव) नहुनाले सबै मानिसहरू गुत्थी नसुल्झेको धागो जस्तै, घाँसमा घाँस अल्झेझैँ अपाय, दुर्गति, विनिपात (अत्यन्त दुःखदायी, पीडादायी र अन्धकारपूर्ण अवस्था) मा परी यो संसारबाट पार हुन नसकिरहेको यथार्थ व्यक्त गरेका थिए ।[१९]

प्रतीत्यसमुत्पाद (पालि-पटिच्च समुप्पाद) शब्द तीनवटा शब्दहरूका समास रूप हो । पटिच्च=प्रतीत्य (कारण), सम=सह, उप्पाद=उत्पाद, उत्पन्न ।[२०] अर्थात् 'यसकारणले गर्दा यो उत्पन्न भयो' र 'यसको निरोधले त्यो पनि निरोध हुन्छ' भन्ने अर्थ प्रतीत्यसमुत्पादले बोकेको पाइन्छ । एक कारणले अर्को कार्य उत्पन्न हुन्छ, सो कार्य पनि अर्को चरणमा गएर कारण बन्दछ । बिनाकारण संसारमा केही पनि उत्पन्न हुँदैन । कारण र फल सम्बन्ध भएर मात्र उत्पन्न भएको हो भन्ने कुरा प्रतीत्यसमुत्पादले देखाउँछ ।[२१] उदाहरणका लागि कुनै बीउ उर्वर जमिनमा रोपियो र घाम, पानी, मल, जल मिल्यो भने त्यसले अवश्य फल दिन्छ । अनि प्रत्येक फलले

१८. ऐजन, (पृ. १३८)

१९. वज्राचार्य, दुण्डबहादुर (अनु.) (२०५६), *दीघनिकाय* (पृ. २१८), पवित्रबहादुर वज्राचार्य ।

२०. राठी, *पूर्ववत्,* पा.टि. १७, (पृ. १५८)

२१. अग्गञाणी, अनागारिका (२०६५), *बुद्ध शिक्षाका आयामहरू* (सं. त्रिरत्न मानन्धर) (पृ. ४५), श्री कीर्ति बौद्ध केन्द्र ।

पुनः बीउ बोकेकै हुन्छ । यहाँ बीउ भन्नाले प्रतीत्य (कारण) भयो; पृथ्वी (जमिन), घाम, पानी, मल, जल भन्नाले प्रत्यय सामग्री भए र फल भन्नाले प्रत्ययको कारणले उत्पन्न पदार्थ भयो । सो फलमा भएको बीउले पुनः यही प्रकारको चक्र निरन्तर चलिरहन्छ । प्रतीत्यसमुत्पादको व्याख्याको क्रममा बुद्धले बाह्रवटा कडी (अङ्ग) बताएका छन् । अविद्या (सही रूपमा नबुझ्ने, नजान्ने स्वभाव) को कारणले संस्कार (लोभ, द्वेष र मोहको कारणले खराब चित्त उत्पन्न भई नराम्रा कार्य गरिने वा बदलामा केही मिल्ने आशाले गरिने कार्य) उत्पन्न हुन्छन् । संस्कारको उत्पत्तिको कारणले विज्ञान (प्रतिसन्धि चित्त अर्थात् पुनर्जन्मको चित्त प्रवाह) उत्पन्न हुन्छ । यहाँ पुनर्जन्म भन्नाले प्रत्येक क्षण प्राणीहरूको मन र शरीर परिवर्तन हुँदै नयाँनयाँ चित्त र शरीर उत्पन्न भइरहेको अवस्थासमेतलाई जनाउँछ । विज्ञानको उत्पत्तिको कारणले नाम रूप (मन र भौतिक पदार्थ याने शरीर) उत्पन्न हुन्छ । नाम रूपको उत्पत्तिको कारणले षडायतन (६ वटा आयतन वा इन्द्रियहरूः आँखा, कान, नाक, जिब्रो, शरीर र मन) उत्पन्न हुन्छ । षडायतनको उत्पत्तिको कारणले स्पर्श छवटा इन्द्रियहरूको आ-आफ्ना विषयवस्तुहरू– रूप, शब्द, गन्ध, स्वाद, स्पर्शव्य पदार्थ र विचारसँग स्पर्श) उत्पन्न हुन्छन् । स्पर्शको उत्पत्तिको कारणले वेदना (संवेदना–सुखद, दुःखद र सुखद दुःखद दुईवटै नरहेको अनुभव) उत्पन्न हुन्छ । वेदनाको उत्पत्तिको कारणले तृष्णा (आसक्ति) को उत्पत्ति हुन्छ । तृष्णाको उत्पत्तिको कारणले उपादान (तीव्र लालसा, गहिरो आसक्ति) उत्पन्न हुन्छ । उपादानको उत्पत्तिको कारणले भव (केही हुनु अथवा 'कर्म', भाग्य, नियति) को उत्पन्न हुन्छ । भवको उत्पत्तिको कारणले जाति (नयाँ जन्म, नयाँ सृष्टि) उत्पन्न हुन्छ । प्रत्येक क्षण शरीर बदलिएको हुनाले नै शिशु अवस्थाको शरीर वृद्ध अवस्थामा परिणत हुने हो । शरीरका अङ्गप्रत्यङ्ग बदलिनु भनेकै नयाँ अवयव उत्पत्ति हुनु र पुरानो क्षय हुनु हो, यसरी नयाँ उत्पत्ति र पुरानो नाशको निरन्तरता नै शरीर परिवर्तनका कारण हुन् । जातिको उत्पत्तिको कारणले जरामरण (शरीर बदलिँदै जानु, जीर्ण हुँदै जानु र अन्ततोगत्वा देहको अवसान हुन्छ जुन प्रत्येक क्षण चलिरहेको हुन्छ । जन्मे पछि शोक, परिताप, शारीरिक दुःख, मानसिक दुःख, बेचैनी, रुनु कराउनु, डाह हुनु आदि उत्पन्न हुन्छन् । यसरी शोक, ताप आदिको कारणले पुनः अविद्यालाई उत्पन्न गराउँदछ र क्रमशः अरूअरू अङ्गहरू उत्पन्न हुँदै जान्छन्, जुन निरन्तर रूपमा चलिरहने प्रक्रिया हो । यसैलाई संसारचक्र अर्थात् भवचक्र भनियो । जबसम्म प्रत्यय (कारण) बाँकी रहन्छ तबसम्म यो चक्र चलि नै रहन्छ र जब प्रतीत्य (कारण) लाई हटाइन्छ वा निर्मूल पारिन्छ अनि यो चक्र पनि रोकिन्छ र पुनर्जन्मको सम्भावना रहन्न । तसर्थ बुद्धधर्ममा पुनर्जन्मबारे स्थायी धारणा भेटिन्न । जब पुनर्जन्मको शृङ्खला रोकिन्छ तब त्यस अवस्थालाई 'निर्वाण' अवस्था भनिएको छ । यसलाई प्रत्येक मानिसले अभ्यासद्वारा प्राप्त गर्न सकिने कुरा निर्विवाद छ । त्यसकारण बुद्धको शिक्षा सार्वजनिन, सार्वकालिक र सार्वदेशिक हुन्[२२]। जब कोही व्यक्ति सम्यक् सम्बुद्ध बन्दछ, चाहे सिद्धार्थ गौतम या अरू कोही, उसले कुनै सम्प्रदाय स्थापना गर्दैन, शुद्ध धर्म नै सिकाउँछ । शुद्ध धर्म माने प्रकृतिका ती नियम, जुन सबैलाई समान रूपले लागू हुन्छ, कसैलाई पक्षपात गरिँदैन ।[२३] प्रतीत्यसमुत्पादको सिद्धान्तलाई हेतुफलको सिद्धान्त पनि भन्ने गरिएको छ । 'संसरन्ति' ति संसारो' वा निरन्तर चलिरहने भएकैले यो संसारलाई संसार भनिएको हो । निरन्तर चल्नु भनेकै यथास्थितिमा परिवर्तन हुनु हो, जस्तो दिनपछि रात, रातपछि दिन हुँदै समय परिवर्तन हुनु,

२२. गोयन्का, आचार्य सत्यनारायण (सन् १९९९), *धारण करे तो धर्म* (पृ. २४), विपश्यना विशोधन विन्यास ।

२३. ऐजन, (पृ. ३०)

ग्रीष्मपछि हिउँद, हिउँदपछि ग्रीष्म आदि प्रकारले ऋतु परिवर्तन हुनु, शिशु अवस्था बिस्तारै बदलिँदै किशोर, युवा एवं वृद्ध हुनु, कहिले सुखको अनुभव गरिन्छ त कहिले दुःखको अनुभव आदि इत्यादि । यस्तो परिवर्तनशीलतालाई नै 'अनित्य' भनिएको हो । कुनै पनि वस्तु, स्थिति, वा घटना पनि स्थिर रहन सक्तैन, सबैले परिवर्तन हुनैपर्छ, यही प्रकृतिको नियम हो । यसैलाई बुद्धले स्वयं अनुभव गरी सबैलाई बुझाएका हुन् । जुन अनित्य छ, क्षणभङ्गुर छ त्यसलाई सुखपूर्ण, आनन्ददायक र मनमोहक भन्न सकिन्न तसर्थ 'दुःख' भनिएको हो । परिवर्तन हुनुमा, दुःखपूर्ण हुनुमा कोही कसैको हात देखिँदैन, कोही कसैको नियन्त्रण, सत्ता वा हैकम देखिँदैन त्यसैले 'अनात्म' (कसैको अधीनमा नरहेको) भनिएको हो ।

## चतुब्रह्म विहार

पाली भाषाको चतु, ब्रम्ह र विहार मिलेर चतुब्रह्म विहार बनेको हो यसको अर्थ उच्च तथा विशिष्ट, जीवनका चार अवस्था भन्ने बुझिन्छ । यसलाई मनका चारवटा सर्वोत्कृष्ट अवस्थाहरू पनि भनिन्छ जसमा, मैत्री (पालि भाषामा मेत्त) भन्नाले निःस्वार्थ प्रेम, मित्रता, सहानुभूति, स्नेहले युक्त, अरूलाई हानि पुऱ्याउने इच्छाको दमन, अरूको हित, उपकारको चाहना । अरूको भलो होस् भनी मनले चिताउने अवस्था, करुणा– अर्काको दुःखमा दुखी हुनु, त्यस्तो दुःख हटाउनमा उद्यत हुनु, मुदिता भनेको अर्काको सुखमा खुसी हुनु, मृदु हुनु र उपेक्षा वा तटस्थ भाव राख्नु, समता भाव राख्नु, प्रतिकूल परिस्थितिमा पनि मन असन्तुलित हुन नदिनु, बदला र प्रतिहिंसाको भाव उत्पन्न नगर्नु, सबैलाई समान ठान्ने पक्षपातविहीन आचरण गर्नु पर्दछन् ।[२४]

थेरवाद बुद्धधर्मले तीन प्रकारकै बुद्धहरूः सम्यक् सम्बुद्ध (आफू मुक्त भई अरूलाई पनि मुक्तिमार्ग देखाउने), प्रत्येक बुद्ध (आफू मात्रै मुक्त हुने बुद्ध) र श्रावक बुद्ध (सम्यक् सम्बुद्धको शिक्षालाई अपनाई मुक्त हुने अर्हत् ) मान्ने परम्परा छ ।[२५] थेरवादमा त्रिविध शिक्षालाई अत्यन्तै महत्त्व दिइएको छ, जसलाई धर्मको भऱ्याङ पनि भनिन्छ । ती हुन्: परियत्ति शिक्षा (बुद्धवचनको अध्ययन गर्नु र राम्ररी बुझ्नु), प्रतिपत्ति शिक्षा अध्ययनअनुसार आचरण र अभ्यास गर्नु तथा प्रतिवेध शिक्षा (आचरणद्वारा दुःख मुक्तिको अवस्था (अर्हत्‌त्व) प्राप्त गर्नु पर्दछन् ।[२६] शील, समाधि र प्रज्ञाको गम्भीर पालनाबाट मानिसले दुःखमुक्ति (निर्वाण) का चारवटा अवस्थाहुदै आफ्नो जीवनलाई सफल पार्न सकिन्छ भन्ने धारणा थेरवादीहरूमा रहेको देखिन्छ । चार अवस्थामा स्रोतापन्न (मुक्तिको प्रथम तह, निर्वाणको स्रोतमा प्रवेश,[२७] सकृदागामी (एक पटक मात्र मनुष्य लोकमा फर्कने वा पुनर्जन्म हुने), अनागामी (पुनः यस संसारमा नफर्कीकनै मुक्त अवस्था प्राप्त गर्ने र अर्हत् वा यसै जीवनमा मुक्त अवस्था (निर्वाण) प्राप्त गर्न सकिन्छ । बुद्धले स्रोतापन्न अवस्था प्राप्त गर्न चारवटा प्रक्रिया अपनाउनुपर्ने कुरा बताएका छन् जसमा सप्पुरिससंसेव वा सत्पुरुषहरूसँगको सत्सङ्गत, सद्धम्मस्सवण वा सत्य (असली) धर्मको श्रवण,

२४. मानन्धर, मदनरत्न (२०६५), *बुद्ध शिक्षाका आयामहरू* (सं. त्रिरत्न मानन्धर) (पृ. ५९–६२), श्रीकीर्ति बौद्ध केन्द्र ।

२५. प्रकाश, *पूर्ववत्,* पा.टि. १०, (पृ. ३५)

२६. लक्ष्मीनारायण, *पूर्ववत्,* पा.टि. १७, (पृ. ३८७-८)

२७. ब्रह्म, अजाह्न एन्ड अजाह्ण अमरो, पसन्नो, (सन् २००१), *दि आइल्यान्ड* (पृ.२८०), अभयगिरि मोनास्टिक फाउन्डेसन ।

योनिसोमनसिकार वा शुद्ध विचार, सावधानी, बुद्धिमानी चिन्तन र धम्मानुधम्मपटिपत्ति वा धर्म (स्वभाव, प्रकृति) अनुसारको अभ्यास गर्नु ।[२८]

## बुद्धका मूल शिक्षाहरू

भगवान् बुद्ध स्वयंले आफूले अभिज्ञात गरी देशना गरेका धर्महरूबारे चर्चा गरेका कुरा 'त्रिपिटक' ग्रन्थमा पाइन्छ । बुद्धले चर्चा गरेका बिषयहरूमा चार सतिपट्ठान (स्मृतिप्रस्थान वा हरक्षण जागरुकता), चार सम्यक् प्रधान (हतोत्साह नभएको वीर्य), चार ऋद्धिपाद (परिपूर्णता अथवा परिपक्वता), पाँच इन्द्रिय (चित्तलाई नियन्त्रण), पाँच बल (प्रतिकूलतालाई दबाइराख्ने एक प्रकारको सेनापतिको उपमा),सात बोधिअङ्ग (बुद्धत्वज्ञानसँग सम्बन्धित), आर्य अष्टाङ्गिक मार्ग (आठवटा अङ्गले युक्त शुद्ध मार्ग वा उपाय) हुन् ।[२९] यी माथि उल्लिखित ३७ वटा धर्मलाई 'सप्ततिंस बोधि पक्षीय धर्म' भनी भन्दछन् ।

## बुद्धधर्ममा विशृङ्खलताको सुरुवात

देवदत्तद्वारा बुद्धकै समयमा सङ्घभेदको प्रयास भएको थियो ।[३०] बुद्धत्व प्राप्तिपछिको ३९औं वर्षावासको क्रममा भगवान् बुद्ध कौशाम्बीको घोषिताराम विहारमा बसेका थिए । भिक्षु देवदत्तले भगवान्प्रति मानिसहरूको श्रद्धा, आदर, भक्तिभाव देखी त्यसमा ईर्ष्या गरेर आफैँ बुद्धको स्थान ओगट्ने कुत्सित प्रयासस्वरूप बुद्धलाई मार्न तत्कालीन राजा अजातशत्रुलाई प्रयोग गरे । त्यसमा असफल भएपछि आफैँले पनि असफल प्रयास गरे । सफलता हात नलागेपछि एक दिन देवदत्तले केही भिक्षुहरू साथ लिई भिक्षुहरूले जीवनभर आरण्यक (जङ्गलमा बस्ने) हुनुपर्छ, भिक्षुहरूले जीवनभर पिण्डपातिक (भिक्षा मागेर मात्र खाने) हुनुपर्छ, भिक्षुहरूले जीवनभर पांशुकुलिक (धूलोमा फ्याँकेको कपडा टिपी त्यसबाट बनेको चीवर मात्र लगाउने) हुनुपर्छ, भिक्षुहरूले जीवनभर वृक्षमूलिक (रूखमुनि मात्र बस्ने) हुनुपर्छ र भिक्षुहरूले जीवनभर माछामासु खानु हुँदैन भन्ने ५ वटा माग बुद्धसँग राखे । प्रत्युत्तरमा भगवान् बुद्धले इच्छा हुनेहरूले सो गर्न सकिने तर सबैलाई अनिवार्य नहुने कुरा बताउँदै माछामासु खाने विषयमा 'त्रिकोटी परिशुद्ध मंस'[३१] (अदृश्य मांसः मारेको नदेखेको, अश्रुत मांस– आफ्ना लागि मारेको भनी नसुनेको र अपरिशङ्कित मांस– आफ्ना लागि मारेको हो कि भन्ने शङ्का नरहेको) मासु खानुमा रोक लगाएनन् । भिक्षु देवदत्तले 'भगवान्ले मेरो ५ सर्त स्वीकार गरेनन् । जसलाई यी सर्त स्वीकार छ, ऊ मेरो पछि आउनू' भनेर गए । त्यस बेला ५०० नयाँ भिक्षुहरू त्यहाँ थिए, जसलाई धर्म वा विनयबारे राम्रो ज्ञान थिएन, उनीहरू सबै देवदत्तको पछि लागे । यसरी देवदत्तले सङ्घभेद गऱ्यो । यसै घटनालाई बुद्धधर्ममा विशृङ्खलताको सुरुवात भन्न सकिन्छ । पछि ती ५०० भिक्षुहरू पुनः बुद्धकहाँ नै फर्केर आए ।

---

२८. ब्रह्म, अजाह्न, *पूर्ववत्,* पा.टि. २८, (पृ. २८३–८)

२९. दुण्डबहादुर, *पूर्ववत्,* पा.टि. २०, (पृ. २६१)

३०. प्राणपुत्र, भदन्त सम्यक् सम्बोधी (२०६०), *सम्यक् सम्बुद्ध* (पृ. १९३–५), सुखी होतु नेपाल ।

३१. दुण्डबहादुर, *पूर्ववत्,* पा.टि. ३, (पृ. ३३७)

## प्रथम सङ्गायनाको आवश्यकता

भगवान् बुद्धले एक प्रसङ्गमा 'मैले स्वयं अभिज्ञात गरी धर्मदेशना गरेका कुराहरूलाई सबै (भिक्षुहरू) मिली, एकत्रित भई अर्थमा अर्थ, व्यञ्जनमा व्यञ्जन मिलाई सङ्गायना गर्नुपर्छ, झगडा गर्नु हुन्न । जसले गर्दा यो धर्म दीर्घकालसम्म रहन सकोस्, चिरस्थायी हुन सकोस्, अनि बहुजन हितका लागि, बहुजन सुखका लागि, लोकबासीका अनुकम्पाका लागि, देवसहित मनुष्यहरूका हितका निमित्त र सुखका निमित्त पनि हुन सकोस्' भनी आज्ञा गरेका थिए ।[३२] बुद्धत्व प्राप्तिपछि आफूले अभिज्ञात गरेको (राम्ररी जानेको, अनुभव गरेको) ज्ञान भगवान् बुद्धले ४५ वर्षसम्म विभिन्न स्थानहरूमा बाँडे । सबै तप्काका जनतामा पुऱ्याए । ८० वर्षको पाको उमेरमा उनी कुशीनगरमा महापरिनिर्वाण (परलोक) भए । उनी परिनिर्वाण भएको देख्ने वा सुन्ने धेरै व्यक्तिहरूले शोक व्यक्त गरे । सुभद्र भन्ने एक जना वृद्ध भिक्षुले यस्तो भने– "भइहाल्यो शोक नगर, नरोऊ । अब हामी उहाँ महाश्रमण (बुद्ध) बाट सुविमुक्त भयौँ । उहाँ छँदा 'यो गर्नुहुन्छ, यो गर्नुहुन्न' भन्ने कुराबाट हामी पीडित थियौँ । अब जे चाहन्छौँ त्यही गर्न सक्नेछौँ, जे गर्न चाहँदैनौँ त्यो गर्ने छैनौँ ।"[३३] यस्तो कुरा सुनी भिक्षु महाकाश्यप महास्थविरले भविष्यमा बुद्धको शिक्षा (धर्म)मा उच्छृङ्खलता आउन सक्ने, विकृति आउन सक्ने पूर्वाभास महसुस गरे । त्यस्ता विकृति, विशृङ्खलताबाट बुद्धानुशासनलाई बचाउन र चिरकालसम्म विशुद्ध रूपले सुस्थापित गर्नुपर्ने कर्तव्य बोध गरी उनले भिक्षु महासङ्घको सल्लाह, सहमति र स्वीकृतिअनुरूप ४९९ वरिष्ठ अर्हन्त भिक्षुहरू[३४] सहित धर्म भण्डागारक भएका, भगवान् बुद्धका अनन्य उपस्थापक भिक्षु आनन्द महास्थविरसमेत ५०० जना भिक्षुहरू सम्मिलित गरी मगधका सम्राट् अजातशत्रुको संरक्षकत्वमा राजगृहको बेब्भार पर्वतको सप्तपर्णी गुफामा प्रथम सङ्गायना सम्पन्न गरे । बुद्धको महापरिनिर्वाणको ३ महिनापछि भएको सो सङ्गायनामा बुद्ध भाषित ८२,००० धर्मस्कन्ध (समूह) र श्रावक (शिष्य) भाषित तथा बुद्धद्वारा अनुमोदित २,००० धर्मस्कन्धहरू गरी जम्मा ८४,००० धर्म स्कन्धहरूको सङ्ग्रह भएको थियो ।[३५] सोही प्रथम सङ्गायनाबाट सङ्गृहीत एवं सुरक्षित भएर आएको धर्मस्कन्धहरू, गुरु शिष्य परम्पराबाट शुद्ध रूपमा अगाडि बढेको धर्म ग्रन्थ नै 'त्रिपिटक' हो ।[३६]

## बुद्धधर्ममा विभिन्न विभाजनहरू

भगवान् बुद्ध महापरिनिर्वाण हुनु भएको करिब १०० वर्षपछि (ई. पू. ४४३) तिर बुद्धका उपदेशहरूको पुनः सङ्गायना गरियो । उक्त सङ्गायना गर्नुपर्ने मुख्य कारण मध्ये १० प्रकारका अधर्मवादको प्रचार गरी

---

३२. दुण्डबहादुर, *पूर्ववत्,* पा.टि. २०, (पृ. ४५६)

३३. दुण्डबहादुर, *पूर्ववत्,* पा.टि. २०, (पृ. २८५)

३४. बापत, पी.भी. (सं.) (२००९), *ट्वेन्टी फाइभ हण्ड्रेड एयर्स अफ बुद्धिज्म* (पृ. ३३), गभर्मेन्ट अफ इन्डिया ।

३५. वन्द्य, आर.वी. (वि.सं.२०६४), *बुद्धभूमि नेपालय् बुद्धधर्म–बौद्धया मिखाय्* (पृ. २१), चारुमती बुद्धिस्ट मिसन–नेपाल ।

३६. ऐजन, (पृ. २२)

तदनुकुल आचरण गरेकाले हो भन्ने गरिन्छ ।[३७] यी दस कुरा मान्नेहरूको समूह (वैशालीका वृजिपुत्रक भिक्षुहरू) मूल बुद्धधर्मबाट छुट्टिएर गई 'महासाङ्घिक' सम्प्रदायको उत्पत्ति भयो ।[३८]

ती दस विवादास्पद कुराहरू: सिङ्मा नुन राखेर (सङ्ग्रह गरेर) लानु हुन्छ, मध्याह्नपछि दुई अङ्गुल छाया लामो भएसम्म भोजन गर्नु हुन्छ (१२ बजेपछि भोजन गर्न नहुने नियम थियो), एकै दिनमा अर्को गाउँमा फेरि भोजन गर्नहुन्छ, एउटै सीमागृह (उपोसथगृह) भएको ठाउँमा विभिन्न भिक्षुहरूले अलगअलग उपोसथ गर्नु हुन्छ । (सबैले एकै ठाउँमा उपोसथ गर्नुपर्ने नियम थियो), पछि मात्र अनुमति लिउँला भनी उपोसथ गर्नहुन्छ, उपाध्याय (गुरु) को अन्धानुकरण गर्नहुन्छ, दही नजम्दैको दूध खानु हुन्छ (१२ बजेपछि दूध खान नहुने नियम थियो), रक्सी भइनसकेको मद्य पिउनु हुन्छ (कुनै पनि प्रकारको मादक पदार्थ सेवन गर्न नहुने नियम थियो), किनारा नभएको लम्पट प्रयोग गर्नहुन्छ र सुनचाँदी ग्रहण गर्नहुन्छ (हुन्न भन्ने नियम थियो) । यी दश कुराहरूमा विवाद उठेपछि मगधका राजा कालाशोकको संरक्षणमा दोस्रो सङ्गायना भयो । त्यस बेला महाकाश्यपको परम्परागत धारणालाई स्थविरहरूले कायम राखे, जुन शताब्दियौँसम्म पनि अपरिवर्तनीय रूपमा लागू भइरह्यो ।[३९] वैशालीको बालुकाराम विहारमा भएको सो सङ्गायनामा ७०० अर्हत् भिक्षुहरूको सहभागिता रहेको थियो भने ८ महिनासम्म चलेको थियो । उक्त सङ्गायनासँग असहमत वृजिपुत्र भिक्षुहरूले कौशाम्बीमा गई १० हजार भिक्षुहरू सम्मिलित गरी अलग्गै सम्मेलन गरे र आफ्नै मतानुसारका धर्म र विनयको सङ्ग्रह गरे । यसरी यिनीहरूलाई 'महासाङ्घिक' भन्न थालियो, बुद्धको मूल शिक्षालाई जस्ताको तस्तै निरन्तरता दिँदै आएकाहरूलाई संस्कृतमा 'स्थविरवादी' वा पालिमा 'थेरवादी' (ज्येष्ठहरूको सिद्धान्त वा मत मान्ने) भन्न थालियो ।[४०]

## अन्य संगायनाहरू

भारतमा सम्राट् अशोकको समय (ई.पू. २६९) सम्म आइपुग्दा बुद्धधर्मका १८ वटा सम्प्रदाय (निकाय) बनिसकेका थिए ।[४१] (हेर्नुहोस् : अनुसूची १) । तीमध्ये महासाङ्घिकका ६ वटा र स्थविरवादका १२ वटा निकायहरू छन् । उनै सम्राट् अशोकको संरक्षणमा पाटलिपुत्र (हाल भारतको पटना) को अशोकाराम विहारमा बुद्धधर्मको तेस्रो सङ्गायना भएको थियो ।[४२] यो गर्नाको मूल कारण सम्राट् अशोकको संरक्षणमा बुद्धधर्मको विकास राम्ररी भइरहेकाले स्वार्थी भावले कुनियत राख्ने व्यक्तिहरू पनि भिक्षुसङ्घमा सम्मिलित भएर आ-आफ्नो विचार, मत, सिद्धान्तलाई बुद्धधर्मकै सिद्धान्त भनी बताउनमा लागे । फलस्वरूप बुद्धको शिक्षामा अनेकानेक विकृतिहरू थपिएको देखी ती कुनियत राख्ने व्यक्तिहरूलाई निकाल्न तथा वास्तविक बुद्धधर्मलाई प्रकाशमा

---

३७. ऐजन, (पृ. २२)

३८. प्रकाश, *पूर्ववत्,* पा.टि. १०, (पृ. १०९)

३९. सन्तिना, पिटर डेल्ला (सन् १९९७), *दि ट्री अफ् इन्लाइटमेन्ट* (पृ. १२८), शिको धेमा स्टडी फाउन्डेसन ।

४०. वन्द्य, *पूर्ववत्,* पा.टि. ३६, (पृ. २४)

४१. सांकृत्यायन, राहुल (सन् २०१२), *बौद्ध दर्शन* (पृ. ६८), किताब महल ।

४२. प्रकाश, *पूर्ववत्,* पा.टि. १०, (पृ. ११०)

ल्याउन, त्यसको शुद्धता कायम राख्न उनै सम्राट् अशोकले बुद्धानुशासन शुद्धिका लागि तेस्रो सङ्गायना गराएका थिए । साथै सङ्गायनाका अध्यक्ष मोग्गलिपुत्त तिस्सले 'कथावस्तु' नामक ग्रन्थ रचना गरी बुद्धधर्ममा देखिएका अन्य १७ सम्प्रदायहरूका दार्शनिक मतलाई खण्डन गरेर थेरवादलाई वास्तविक बुद्धधर्म हो भनी सिद्ध गरिदिए ।[४३] श्रीलङ्कामा राजा वट्टगामिनी अभयको पालामा (इ.पू. ७९ तिर) श्रीलङ्काकै आलोक विहारमा चौथो सङ्गायना भयो र यसै बेला 'त्रिपिटक' ताडपत्रमा लेखियो। तसर्थ यस सङ्गायनालाई 'पुस्तकारुढ सङ्गायना' पनि भनिन्छ।[४४] सम्राट् कनिष्क (इ. १००)को शासनकालमा कतिपय भिक्षुहरू, विशेषतः महासाङ्घिकहरू बुद्धयानलाई मात्रै मान्ने भए र आफूलाई 'महायानी' भन्न थाले। तीनै यान (सम्यक् सम्बुद्ध यान, प्रत्येक बुद्ध यान र श्रावक यान) मान्ने अन्य सम्प्रदायलाई 'हीनयानी' भन्न थाले । यसरी कनिष्कको समयदेखि बुद्धधर्म 'महायान' र 'हीनयान' मा छुट्टिए ।[४५] सन् १९५० मा विश्व बौद्ध भ्रातृत्वको उद्घाटन पश्चात् पूर्व र पश्चिमका विद्वान्हरूले हीनयान शब्द हटाई 'थेरवाद'को नाम प्रचलनमा ल्याउन सहमत भएको कुरा यहाँनिर स्मरणीय छ ।[४६] सन् १९५० मा श्रीलङ्कामा भएको प्रथम विश्व बौद्ध सम्मेलनले हीनयानलाई थेरवाद भन्नुपर्ने प्रस्ताव पारित गरेको थियो ।[४७] वास्तवमा समाधि निर्मोचन सूत्र (एक महायानी सूत्र) मा स्पष्ट उल्लेख गरिएको छ कि श्रावक यान (थेरवाद) र महायान मिलेर एउटै मात्र यान 'एकयान' बन्छ र तिनीहरू कत्ति पनि फरक र भिन्न 'वाहन' होइनन् ।[४८] सन् १८७१ मा बर्मा (म्यान्मार) का राजा मैन्डुङ्को संरक्षकत्वमा माङ्डलेमा पाँचौं सङ्गायना गरी त्रिपिटकको सम्पादनका साथै सङ्गमरमरमा त्रिपिटकलाई कुँदिएको थियो । त्यस्तै बर्मामै सन् १९५४ (बुद्ध संवत् २५००) मा भएको छैटौँ सङ्गायना गरी ६ वटा सङ्गायनालाई थेरवादीहरूले आधिकारिक मान्दै आएको पाइन्छ ।[४९]

## थेरवादको मूल स्रोत त्रिपिटक

गौतम बुद्धले आफूले प्राप्त गरेको शिक्षा जनसाधारणमा बाँड्ने निश्चय गरी त्यस बेलाको जनभाषा 'मागधि' (वर्तमान 'पालि') भाषामा नै ४५ वर्षसम्म धर्मचेतनालाई बाँडे । थेरवाद अपनाउने भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूले गुरुशिष्य परम्पराबाट अघि बढिरहेको पालि 'त्रिपिटक' लाई आफ्नो मूल धर्मग्रन्थका रूपमा मान्दै आएका छन् । उनीहरूले बौद्ध परम्पराअनुसार भारतमा सम्पन्न प्रथम, द्वितीय र तृतीय सङ्गायना, श्रीलङ्कामा भएको चतुर्थ सङ्गायना र बर्मा देशमा सम्पन्न पाँचौं र छैटौँ सङ्गायनालाई मात्र आधिकारिक मान्यता प्रदान गर्दै आइरहेको कारणले बुद्ध संवत् २५००मा बर्माको रङ्गुन सहरमा भएको सङ्गायनालाई

---

४३. शर्मा, डा. रामानन्द (सन् २००४), *पालि भाषा और साहित्य* (पृ. ११३), चौखम्बा संस्कृत सिरीज आफिस ।

४४. प्रकाश, *पूर्ववत्*, पा.टि. १०, (पृ. १११)

४५. ऐजन, (पृ. ११८)

४६. मदन, *पूर्ववत्*, पा.टि. ५, (पृ. ४)

४७. प्रकाश, *पूर्ववत्*, पा.टि. १०, (पृ. १८३)

४८. मदन, *पूर्ववत्*, पा.टि. ५, (पृ. ४)

४९. वन्द्य, *पूर्ववत्*, पा.टि. ३६, (पृ. ३४)

आधिकारिक रूपले थेरवादी त्रिपिटकको छट्ठ सङ्गायना भनी ठहर गरिराखेको पाइन्छ[५०] र हालसम्म सोही पालि त्रिपिटकलाई मूल धर्मग्रन्थ मान्दै आएको पाइन्छ ।

सम्पूर्ण बुद्धवचनलाई सङ्गृहीत गर्न आयोजना गरेका सङ्गीतिका विद्वान्हरूले ती वचनहरूलाई तीन मुख्य भागमा विभाजन गरी 'त्रिपिटक' (तीनवटा टोकरी) नामकरण गरे । जसअन्तर्गत-सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटक पर्दछन् । सुत्तपिटकमा सङ्गृहीत बुद्धवचनहरूमा साधारण उपदेशदेखि लिएर चित्त विषयक उपदेशहरू समावेश भएका छन् । विनयपिटकमा शील, सदाचार आदि भिक्षु, भिक्षुणीहरूका नियम छन् भने दार्शनिक शिक्षा तथा 'निर्वाण' विषयमा बताउनु भएका कुराहरू अभिधम्मपिटकमा समावेश गरिएका छन् ।[५१] सुत्तपिटकलाई ५ वटा निकायमा विभाजन गरिएको छ जसमा दीघनिकाय, मज्झिम निकाय, संयुक्त निकाय, अङ्गुत्तर निकाय र खुद्दक निकाय । त्यस्तै खुद्दक निकायअन्तर्गत १५ वटा ग्रन्थ वर्गीकृत गरिएका छन् । विनयपिटकलाई पनि ५ वटा भागमा विभाजन गरिएको छ जसमा पाराजिका पालि (भिक्खु विभङ्ग), पाचित्तिय पालि (भिक्खुणी विभङ्ग),महावग्ग, चूलवग्ग र परिवार पालि रहेका छन् । अभिधम्मपिटकअन्तर्गत ७ वटा ग्रन्थमा धम्मसङ्गणी, विभङ्ग, कथावस्तु, पुग्गलपञ्ञति, धातुकथा, यमक र पट्ठान पर्दछन् ।[५२] पालि त्रिपिटकको व्याख्याका रूपमा अनुपिटकहरू, अट्ठकथा, टीकाहरू पनि पाइन्छन् । ती मध्ये नागसेनको मिलिन्द प्रश्न (रचनाकाल ई.पू. १५०–ई.पू ४००), आचार्य बुद्धघोषको विशुद्धिमग्ग (त्रिपिटकको सारांश), ञाणोदय, अट्ठसालिनी (धम्मसङ्गणीको व्याख्या), सम्मोहन विनोदनी (विभङ्गको व्याख्या), पञ्चप्पकरणट्ठकथा (धातुकथा, कथावत्थु, पुग्गलपञ्ञति यमक र पट्ठानको व्याख्या), समन्तपासादिका (विनय पिटकको व्याख्या), कङ्खावितरणी (प्रातिमोक्षको व्याख्या), सुमङ्गल बिलासिनी (दीघनिकायको व्याख्या), प्रपञ्चसूदनी (मज्झिम निकायको व्याख्या), सारत्थपकासिनी (संयुत्तनिकायकोव्याख्या), मनोरथपूरणी (अंगुत्तर निकायको व्याख्या) र परमत्थजोतिक (खुद्दकपाठ र सुत्तनिपातको व्याख्या); आचार्य बुद्धदत्तको अभिधम्मावतार (अभिधम्म पिटकको व्याख्या) र विनय विनिच्छय (विनय पिटकको व्याख्या) तथा धम्मपाल थेरको परमत्थदीपनी (खुद्दक निकाय अन्तर्गत आचार्य बुद्धघोषबाट व्याख्या नगरिएका उदान, इतिवुत्तक, विमानवत्थु, पेतवत्थु, थेरगाथा, थेरीगाथा र चरिया पिटकको व्याख्या), परमत्थमञ्जूषा (बुद्धघोषको विशुद्धि मग्गको व्याख्या आदि हुन् । धम्मपालका यी व्याख्याहरूलाई दक्षिण भारत र श्रीलङ्काको समकालीन धार्मिक अवस्था बुझ्नका लागि महत्त्वपूर्ण मानिन्छ ।[५३]

---

५०. वन्य, *पूर्ववत्,* पा.टि. ३६, (पृ. ३४)

५१. शर्मा, *पूर्ववत्,* पा.टि. ४४, (पृ. ११५)

५२. देशार, वासुदेव (अनु.) (सन् २००७), *त्रिपिटक प्रवेश (दो.सं.)* (पृ. कभरपेज), वपुल दर्शन उदास ।

५३. वापट, *पूर्ववत्,* पा.टि. ३५, (पृ. १७३-१८२)

## थेरवाद रीतिरिबाज तथा संस्कारहरू

थेरवादी विहारहरूमा आफ्नै किसिमका रीति, रिबाज र संस्कारहरू परम्परागत रूपमा मनाई आएको देखिन्छ । तिनीहरूलाई मुख्यतया विहार र अनुयायीहरू सम्बन्धित गरि दुई भागमा बाँड्न सकिन्छ । विहार निर्माण, दैनिक कार्य, उत्सव र प्रव्रज्या आदी विहार सम्बन्धित कार्य हुन् । विहारमा भगवान् बुद्धको मूर्ति प्रायः मूल ढोकाबाटै छर्लङ्ग देखिने गरी स्थापना गरिएका हुन्छन् । एक तलाभन्दा बढी भएका विहारहरूमा प्रत्येक तलामा बुद्धमूर्ति राखिएको पाइन्छ । कुनै कुनै अवस्थामा प्रत्येक कोठामा बुद्धमूर्ति देख्न पाइन्छ । प्रायः थेरवादी विहारहरूमा विहान सबेरै भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूले जलपान (नास्ता) गरिसकेपछि शील प्रार्थनासहित बुद्धपूजा गर्ने गर्छन् । साथै कुनै उत्सवविशेष वा दिनविशेषमा बुद्धभाषित सूत्रहरूको पाठ, परित्राण पाठ एंव धर्मदेशना गर्छन् ।

थेरवादी विहार परम्पराअनुसार भिक्षुहरूले प्रत्येक १५।१५ दिनमा उपोसथ कर्म गर्नुपर्ने नियम रहेको छ । भिक्षुहरू आषाढ पूर्णिमाको भोलिपल्टदेखि आश्विन पूर्णिमासम्म तीन महिना वर्षावास (एक स्थानमा बस्ने) नियम भगवान् बुद्धले आफूले बुद्धत्व प्राप्त गरेको वर्षदेखि नै अटुट रूपमा पालना गरेको देखिन्छ । यसअनुसार उनले बुद्धत्व प्राप्तिदेखि महापरिनिर्वाणसम्ममा ४६ वटा वर्षावास बसेको देखिन्छ ।[५४] सोहीअनुरूप उनले प्रत्येक भिक्षु-भिक्षुणीहरूले पनि अनिवार्य रूपमा वर्षावास बस्नुपर्ने विधान गरेका छन् ।[५५] अखण्ड रूपमा वर्षावास पूरा गरेका भिक्षुहरूका लागि 'कथिनचीवर' दान गर्ने उत्सव कठिनोत्सव आश्विन पूर्णिमाको भोलिपल्टदेखि कार्तिक पूर्णिमाको दिनसम्म मनाइने गरिन्छ । विहारको वार्षिक उत्सव वा कुनै समितिहरू भएमा त्यसको वार्षिकउत्सव वा बार्षिक साधारणसभाहरू पनि हुने गर्छन् । यस्ता कार्यले बुद्धधर्मको प्रचार, प्रसार, उन्नति बृद्धिको भैरहेको हुन्छ ।

बिहारमा प्रव्रज्या कार्यक्रम पनि हुने गर्दछ । यसअन्तर्गत इच्छुक, श्रद्धालु व्यक्तिहरूको इच्छा र श्रद्धाअनुसार श्रामणेर प्रव्रज्या (केटा मान्छेलाई गरिने), ऋषिनी प्रव्रज्या (केटी मान्छेलाई गरिने, तर केश खौरिन नपर्ने), अनागारिका प्रव्रज्या (केटी मान्छेलाई गरिने, तर केश खौरिन पर्ने) र उपसम्पदा प्रव्रज्या (केटा मान्छेलाई पूर्ण भिक्षु बनाइने) कार्यक्रम सञ्चालन भई आएको देखिन्छ ।

बौद्धधर्मका अनुयायीहरूले गृहस्थी संस्कारः गर्भ शुद्धि, जन्म र नामकरण, प्रव्रज्या (चूडाकर्म), शीलाचारी (ऋषिनी प्रव्रज्या-इहि वा गुफा राख्नुको साटो), विवाह मङ्गल, बच्चा पास्नी, रथारोहण (बूढो पास्नी) ऐ) मृत्युसंस्कार ओ) पुण्य तिथिहरू पर्दछन् । उनीहरूले विहारका आवासिक भिक्षु, भिक्षुणीहरूलाई चतुप्रत्यय दान, अष्टपरिकार दान, कथिन चीवरदानलगायत आवश्यक वस्तुहरू दान गर्ने गर्दछन् । जुनसुकै कार्य सम्पन्न भइसकेपछि पुण्यानुमोदन गरी पुण्य बाँड्ने अनुपम चलन पनि रहेको देखिन्छ । त्यस्तै शीलसंस्कार अर्न्तगत उपासक, उपासिका (गृहस्थ)हरूले न्यूनतम पालना गर्नुपर्ने शील, नियम पाँचवटा छन् । ती यस प्रकार छन् ।

---

५४. प्राणपुत्र, *पूर्ववत्* पा.टि. ३१, (पृ. विषयसूची)

५५. राहुल, *पूर्ववत्* पा.टि. ४२, (पृ. १७१)

यी नियमहरूमा हिंसा हत्याबाट विरत, चोरी डकैतीबाट विरत, व्यभिचार, भ्रष्टाचारबाट विरत अष्टशील पालन गर्नेले ब्रह्मचर्य पालन गर्ने, भूटो बोलीवचनबाट विरत र मादक पदार्थ सेवनबाट विरत

यसका अतिरिक्त खास समयमा अरू थप ३ वटा शील पालना गरी उपोसथव्रत ग्रहण गर्न पनि सकिन्छ। यी नियममा मध्यान्ह १२ बजेपछि ठोस आहार ग्रहण नगर्ने, नृत्य, गीत, बाजाबाट विरत एवं मन विचलित पार्ने दृश्यहरूबाट अलग रहने, माला नलगाउने, सुगन्ध लेपन नगर्ने र आभूषण विभूषण नलगाउने र उच्च उचाइ भएको, विलासी आसन, पलङ्ग प्रयोग नगर्ने पर्दछन् ।

## उपसंहार

आजभन्दा करिव २६०० वर्षअगाडि नेपालको धरती, लुम्बिनीमा जन्मेर भारतको बोधगयामा बुद्धत्व प्राप्त गरेका सर्वार्थसिद्ध गौतम बुद्धको शिक्षालाई अक्षरशः पालन गरी आएका र मौलिक रूपमा संरक्षण एवं संवर्द्धनमा आफूलाई समर्पित गर्दै आइरहेका 'स्थविरवादी' अथवा 'थेरवादी' बौद्ध भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूद्वारा बुद्धको शिक्षालाई अन्तर्राष्ट्रिय क्षेत्रमा व्यापक बनाउन र जनजीवनलाई सुखपूर्ण एवं शान्तिपूर्ण बनाउन हरदम प्रयासरत रहेको देख्न सकिन्छ ।

## सन्दर्भग्रन्थ

कर्माचार्य, माधवलाल (सं) (२०६८), *नेपाल लघु विश्वकोष*। काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।
गोयन्का, आचार्य सत्यनारायण (१९९९), *धारण करे तो धर्म,* इगतपुरी : विपश्यना विशोधन विन्यास ।
देशार, वासुदेव (अनु.) (२०७०), *त्रिपिटक प्रवेश (दो.सं.),* ललितपुर : विपुलदर्शन उदास ।
प्रधान, भुवनलाल (२०४५), *नेपालमा बौद्ध धर्म,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
प्राणपुत्र, भदन्त सम्यक् सम्बोधि (२०६०), *सम्यक् सम्बुद्ध,* काठमाडौँ : सुखी होतु नेपाल ।
मानन्धर, त्रिरत्न (सं) (२०६५), *बुद्ध शिक्षाका आयामहरू,* कीर्तिपुर : श्रीकीर्ति बौद्ध केन्द्र ।
मानन्धर, नानीमैयाँ (अनु.) (२०३८), *बोधिपक्षिय दीपनी,* काठमाडौँ : प्रकाशक समूह ।
मानन्धर, मदनरत्न (अनु.) (२०५१), *बौद्ध विश्वास (तृतीय भाग),* काठमाडौँ : धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी ।
राठी, लक्ष्मीनारायण (१९८४), *दुःख मुक्तिकी साधना,* महाराष्ट्र : श्री रामचन्द्र राठी ।
वज्राचार्य, दुण्डबहादुर (अनु.) (२०५६), *दीघनिकाय (नेपाली भाषा),* ललितपुर : पवित्रबहादुर वज्राचार्य ।
---, (अनु.) (२०५७), *मज्झिम निकाय (नेपाली भाषा),* ललितपुर : पवित्रबहादुर वज्राचार्य ।
वज्राचार्य, प्रकाश (२०५३), *बौद्ध दर्पण, दोस्रो संस्करण,* काठमाडौँ : धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी ।
वन्द्य, आर. बि. (२०६४), *बुद्धभूमि नेपालय् बुद्धधर्म–बौद्धया मिखाय्,* काठमाडौँ : चारुमती बुद्धिस्ट मिसन नेपाल ।
शर्मा, डा. रामानन्द (२००४), *पालि : भाषा और साहित्य,* वाराणसी : चौखम्बा संस्कृत सिरिज बाराणशी ।
सांकृत्यायन, राहुल (सन् २०१२), *बौद्ध दर्शन,* इलाहाबाद : किताब महल ।
ज्ञानपूर्णिक, भिक्षु (ने.सं. १०९०), *तथागतया न्हापाङ्गु उपदेश, धम्मचक्कप्पवत्तन सुत्त,* ललितपुर : रामरत्न शाक्य ।
ज्ञानपूर्णिक, भिक्षु, (अनु.) (२०५२), *महान् धर्मचक्र सूत्रोपदेश,* ललितिपुर : सन्ति सुखावास प्रकाशन समिति ।

Bapat, P.V. (Tr.) (2009). *2500 Years of Buddhism.* India: Government of India.

Pasanne, Ajahn & Ajahn Amaro (2009). *The Island,* USA: Abhayagiri Monastic Foundation.

Santina, Peter Della (1997). *The Tree of Enlightment*, Taiwan: Chico Dhamma Study Foundation.

**शब्दकोशहरू**


*नेपाली बृहत् शब्दकोश, (वि.सं. २०४४)* काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

वसन्तकुमार शर्मा नेपाल, (वि.सं. २०५८), *नेपाली शब्द सागर,* साझा पुस्तक भण्डार ।

योगन्द्र सिंह, (सन् १९९७), *डिक्सनरी अफ पालि, संस्कृत, हिन्दी, इङ्गलिस,* लखनउ : इन्टरनेशनल रिसर्च इन्स्टिच्यूट अफ बुद्धिस्ट स्टडिज ।

## अनुसूची–१

बुद्धधर्मका १८ वटा सम्प्रदायहरू




(स्रोत : बौद्ध दर्शन, राहुल सांकृत्यायन, पृ. ६८)